| बैठक संख्या | ५३ |
|---|---|
| अध्यक्षता | श्री हरीबहादुर रोकाया |
| बैठक | गाउँ कार्यपालिका |
| स्थान | गौमुल गाउँपालिका |
| मिति | २०८३।०४।२० |

उपस्थिति

| क्र स | पदाधिकारीको नाम थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री हरी बहादुर रोकाया | अध्यक्ष | गौमुल १ | |
| २ | श्री सिता थापा | उपाअध्यक्ष | गौमुल ६ | |
| ३ | श्री देबबहादुर रोकाया | २ नं वडा अध्यक्ष | गौमुल २ | |
| ४ | श्री कलक बहादुर सिंह | ५ नं वडा अध्यक्ष | गौमुल ५ | |
| ५ | श्री गोरख बहादुर बोहरा | ३ नं वडा अध्यक्ष | गौमुल ३ | |
| ६ | श्री प्रकाश बहादुर रोकाया | ६ नं वडा अध्यक्ष | गौमुल ६ | |
| ७ | श्री देब बहादुर रोकाया | १ नं वडा अध्यक्ष | गौमुल १ | |
| ८ | श्री अमर बहादुर वि. क. | ४ नं वडा अध्यक्ष | गौमुल ४ | |
| ९ | श्री खिना बुढा | कार्यपालिका सदस्य | गौमुल ५ | Khaba |
| १० | श्री कौशल वि.क. | कार्यपालिका सदस्य | गौमुल ३ | |
| ११ | श्री मैना चँदारा | कार्यपालिका सदस्य | गौमुल १ | |
| १२ | श्री जवा सार्की | कार्यपालिका सदस्य | गौमुल २ | जवा |
| १३ | श्री राजेन्द्रा विष्ट (रोकाया) | कार्यपालिका सदस्य | गौमुल ६ | |
| १४ | श्री चक्र बहादुर सार्की | कार्यपालिका सदस्य | गौमुल ४ | |
| १५ | श्री कुमारधर भट्ट | कार्यपालिका सदस्य सचिव | भिमदत्त नगरपालिका कञ्चनपुर | |

**गौमुल गाउँपालिका**

**गाउँ कार्यपालिकाको ५३ औं बैठकबाट पारित निर्णयहरु २०८३।०४।२०**

**प्रस्ताव नं. १:समिक्षा सम्बन्धमा।**

**५ नं वडा:**मानाकोट माविको वाल भत्केको, वडा कार्यालयको पछाडी घर भत्केको,मदिरा नविकरण सिफारिस शुल्कमा अस्पष्टताले अन्यौल रहेको।

**२ नं वडा:** विद्यालयहरु सबै सञ्चालनमा रहेका,विपद व्यवस्थापन हिमशिखर आवि भवन पछाडी पहिरो गएको,वडा कार्यालयको भवन पछाडी पहिरो गएको। स्वास्थ्य उपचारमा राम्रो छ। बाटोघाटो पहिरोले समस्या,दशशैया अस्पताल यथासिघ्र सञ्चालन गरिनु पर्ने,पशु स्वास्थ्यमा औषधीको समस्या,कर्मचारी व्यवस्थापन समस्या।

**४ नं वडा:** विद्यालयहरु सबै सञ्चालनमा आएका,स्वास्थ्य संस्थामा औषधीको समस्या नरहेको,विपद जोखिम विरा खानेपानी पूर्णरुपमा क्षती,मदिरा व्यवस्थापनमा कमजोरी,पानीको मुहानहरु परीक्षण,रतखोला बाटो मर्मत,विद्यालयमा खानेपानी व्यस्थापन।

**१ नं वडा:**बाटोघाटो अवरुद्द,भित्रखोला खानेपानी निर्माण कार्य निरन्तर,सबै विद्यालयहरु सञ्चालनमा रहेका,खौलामा पानीको समस्या,स्वास्थ्य संस्थाहरु सञ्चालनमा रहेका,सडक निर्माणमा ताकेता,पशु स्वास्थ्य उपचार,सामाजिक सुरक्षा नविकरणको लागि कर्मचारी।

**६ नं वडा:** विद्यालयहरु सबै सञ्चालनमा रहेका,टाँडाकोट टोल जाने बाटोमा पहिरो आएको,पानिखालमा एक घरमा पहिरो गएको,बाँदरले स्याउ नोक्सान गरेको,सिमधारा लजवि योजनाको नहरमा सम्स्या,वडा सचिबको जिम्मेवारी तोकिनु पर्ने।

**३ नं वडा:**गर्जे बाटो अवरुद्द,पातेमा ३ घर विस्थापित,दल्याडीमा शौचालय भत्केको,बालविकास माविमा फिल्ड पहिरोमा,वडा सचिवको जिम्मेवारीमा समस्या,सबै विद्यालयहरु सञ्चालनमा रहेका,स्वास्थ्य संस्थाहरुमा औषधीको सम्स्या नभएको,गर्जेमा खानेपानीको समस्या थलामा। टेलीकमको सेवा प्रवाहमा समस्या।

**प्रस्ताव नं. २: कार्यविधि पास सम्बन्धमा ।**

**निर्णय:**

गौमुल गाउँपालिकामा शैक्षिक तथा यूवा परिचालन सम्बन्धी क्षेत्रमा सुधारको लागि देहायका कार्यविधिहरु आवश्यक रहेकाले कार्यालयबाट तयार गरिएका ड्राफ्ट माथि दफावार रुपमा छलफल गरि सर्वसम्मत पास गरियो।

१) यूवाक्लब गठन तथा परिचालन कार्यविधिको, २०८३

२) अनिवार्य तथा निशुल्क शिक्षा सुनिश्चितता सम्बन्धी कार्यविधि, २०८३

**प्रस्ताव नं. ३: सामाजिक सुरक्षा कोष सम्बन्धमा।**

**निर्णय:**

गाउँपालिकामा कार्यरत अस्थायी तथा करार कर्मचारीहरुलाई आर्थिक वर्ष २०८३।०८४ को श्रावण १ गतेबाट लागु हुने गरि योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ बमोजिम आवद्ध गराउने र सो को लागी आवश्यक बजेट विनियोजन गरि कोष खडा गर्ने तथा कर्मचारीहरुको विवरण अद्यावधि गरि सामाजिक सुरक्षा कोषको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ४: बाटो निर्माण सम्बन्धमा।**

**निर्णय:**

गाउँपालिकाको वडा नं ६ मा रहेको सिमधारा खोला झोपुमा बाटो मर्मत तथा सुधार गर्नु पर्ने भएकाले सोको लागत ईस्टिमेट तयार गरि योजना सम्झौता कार्य अघि बढाई उक्त बाटो तत्काल मर्मत तथा सुधार गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ५: मदिरा व्यवस्थापन कार्यविधि संशोधन सम्बन्धमा।**

**निर्णय:**

गौमुल गाउँपालिकाबाट जारी भएको मदिरा व्यवस्थापन कार्यविधिको केही बुँदाहरु संशोधन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ६: भैपरी आउने पूजिगत खर्च सम्बन्धमा।**

**निर्णय:**

गाउँपालिकामा वर्षातको समयमा अर्थात कुनै पनि विपदमा परि पालिकाका सार्बजनिक स्थल मठ मन्दिर पाटीपौवा बाटोघाटो विद्यालय लगायतका संरचनाहरु विपदमा परी क्षती भएमा सोको मर्मत सुधार तथा पुनःनिर्माणको लागी आवश्यक बजेट व्यवस्थापनको लागि भैपरी आउने पूँजिगत खर्च अन्तरगत बजेट व्यवस्थापनको लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।